


मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले जनकपुरधाममा बिहीबार आयोजित ‘सडक अनुशासन तथा सवारी दुर्घटना न्यूनिकरणका लागि ट्राफिक जनचेतनामूलक सप्ताह कार्यक्रम-२०८२’ को समुद्घाटन कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै । तस्बिरः अमरेन्द्रकुमार यादव /रासस

# पर्सामा ट्राफिक जनचेतना सप्ताह

वीरगञ्ज (पर्सा), २२ जेठ (रासस) । पर्सामा सवारी दुर्घटना न्यूनीकरणका गर्नका लागि ट्राफिक जनचेतना सप्ताह कार्यक्रम शुभारम्भ गरिएको छ । सवारी दुर्घटनामा न्यूनीकरण गरेर यात्रु र सवारी चालकलाई मर्यादित गराउनका लागि ट्राफिक जनचेतना सप्ताह शुभारम्भ गरिएको हो ।

पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले विभिन्न रोगव्याधीले मृत्यु हुनेको सङ्ख्या भन्दा पनि सवारी दुर्घटनामा परेर मृत्यु हुनेको सङ्ख्या उच्च भएकाले पनि ट्राफिक सचेतनामूलुक कार्यक्रम गर्न आवश्यक रहेको बताउनुभयो ।“सवारी दुर्घटनालाई दुर्घटनाको पनि महारोग भन्ने चलन रहेको छ,” उहाँले भन्नुभयो,“ट्राफिक नियम पालना गरेर सभ्य नागरिकको पहिचान गराउन जरुरी भइसकेको छ ।” पर्साका प्रहरी प्रमुख गौतम मिश्रले सवारी चालक तथा यात्रुले राम्रोसँग ट्राफिक नियम पालना गर्ने हो भने सवारी दुर्घटनाबाट ज्यान जोगाउन सकिने बताउनुभयो ।“ट्राफिक जनचेतना सप्ताहमूलुक कार्यक्रममा ट्राफिक नियमको पालना आफ्नै लागि हो भन्ने भावनाको विकास गर्न जरुरी रहेको छ,” उहाँले भन्नुभयो,‘ ‘सबैले नियम पालना गरेर सभ्य नागरिकको पहिचान गराउन जरुरी भइसकेको छ ।” जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्साले जेठ २२ गतेदेखि जेठ २८ गतेसम्म ट्राफिक जनचेतनामूलुक कार्यक्रम गर्ने तयारी गरेको छ । जसअन्तरगत विभिन्न विद्यालयका विद्यार्थी माझ अन्तरक्रिया, सडकमा सडक सुरक्षा कार्यक्रम लगायतका गतिविधि गर्नेछ । जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख लोकराज भट्टले सप्ताहव्यापी कार्यक्रम गरेर सवारी दुर्घटना न्यूनीकरणका अभियान सञ्चालन गर्ने बताउनुभयो । “कार्यालयले नियमित रुपमा नै ट्राफिक जनचेतनामूलुक कार्यक्रम गर्दै आइरहेको छ,”

उहाँले भन्नुभयो,“अहिले विशेष कार्यक्रमको रुपमा ट्राफिक जनचेतना अभियान सुरुवात गरेका छौं ।” पर्सा जिल्लामा चालु आर्थिक वर्षको १० महिनामा सवारी दुर्घटनामा परेर ३४ जनाले ज्यान गुमाएका छन् । गत आर्थिक वर्षभरिमा भने सवारी दुर्घटनामा परेर ५१ जनाले ज्यान गुमाएका थिए ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्साका वरिष्ठ प्रहरी नायब निरीक्षक गुणनिधि खकुरेलले कार्यालयले अभियान अन्तरगत विभिन्न सरोकारवाला निकायसँग अन्तरक्रिया र छलफल गरेर जनचेतनालाई अभिवृद्धि गर्ने जानकारी दिनुभयो । सो कार्यक्रममा पर्साका सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थी, नागरिक समाज लगायतका दुई हजारभन्दा धेरैको उपस्थिति रहेको थियो ।ट्राफिक जनचेतना अभियान वीरगञ्जको घण्टाघर, आर्दशनगर, अलखिया मठ हुदैं फेरि वीरगञ्ज घण्टाघरमा आएर जनचेतना अभियान सम्पन्न भएको थियो ।

# महोत्तरीमा सर्पदंशका कारण वनकर्मचारीको मृत्यु’

जलेश्वर(महोत्तरी), २२ जेठ (रासस) । महोत्तरीमा आज बिहान सर्पदंशका कारण एक वन कर्मचारीको मृत्यु भएको छ । मृत्यु हुनेमा गौशाला नगरपालिका वडा नम्बर १० लक्ष्मीनियाँमा अवस्थित डिभिजन वन कार्यालयमा करार सेवामा कार्यरत १७ वर्षीय रुपेश महतो रहेको डिभिजन वन कार्यालयका प्रमुख अजय मिश्रले बताउनुभयो । गौशाला-१० बटौवा गाउँटोल निवासी राजकुमार महतोका छोरा रुपेश विगत एक वर्षदेखि डिभिजन वन कार्यालयमा भान्सेको रुपमा करार सेवामा कामकाज गर्दै आएकामा गएराति सबैलाई खाना खुवाएर कार्यालयमै सुतिरहेको अवस्थामा करीब १ बजे उनलाई सर्पले डसेको थियो । विषालु कोब्रा सर्पले उनको पेटमा एक पटक र तीघ्रामा दुई पटक गरी तीन ठाउँमा डसेको थियो ।सर्पले डसेर सिकिस्त भएका कर्मचारी महतोलाई तत्कालै उपचारका लागि बर्दिबास सर्पदंश उपचार केन्द्रमा लगिएको थियो भने उनको त्यहाँ अवस्थामा सुधार नभएपछि थप उपचारका लागि आज बिहान करीब ५ बजे जनसेवा अस्पताल बर्दिबासमा लगिएको थियो । उनको सोही अस्पतालमा उपचारको क्रममा चिकित्सकले मृत घोषणा गरेको डिभिजन वन कार्यालयका प्रमुख मिश्रले बताउनुभयो ।

# ‘नागरिकता विधेयक अघि बढाउनुपर्छ’

काठमाडौं, २२जेठ(रासस)।ः गृहमन्त्री रमेश लेखकले नेपाल नागरिकता (दोस्रो संशोधन) विधेयकलाई चाँडो टुङ्ग्याउन राज्य व्यवस्था तथा सुशासन समितिलाई आग्रह गर्नुभएको छ ।

आज सिंहदरबारमा बसेको यस समितिको बैठकमा नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक, २०८१ माथि संशोधन प्रस्तावकर्ता सांसदहरुसँगको छलफलपछि मन्त्री लेखकले विधेयकको संवेदनशीलतालाई ध्यान राख्दै विधेयकअघि बढाउन जोड दिनुभयो ।

“यो अत्यन्त महत्वपूर्ण, गम्भीर विषय भएका हुनाले यसलाई चाँडोभन्दा चाँडो समितिले संशोधनकर्ता सदस्यसँग छलफल गरेर समिति आफैले पनि के गर्ने हो चाँडो भन्दा चाँडो धारणा र निर्णय प्रक्रियालाई अघि बढाउनुहोस् । सरकारले यसमा समितिसँग सल्लाह गरेर अघि बढन तयार छ”, उहाँले भन्नुभयो ।

समितिका सभापति रामहरि खतिवडाले ब्रिटिश गोर्खामा काम गर्ने र गैर आवासीय नेपाली(एनआरएन) कोनागरिकताकासम्बन्धीविधेयकमा के कस्तो व्यवस्था राख्ने भन्नेमा गृह मन्त्रालयको स्पष्ट धारणा आउनुपर्ने जनाउँदै मन्त्री लेखकको ध्यानार्कषण गराउनुभयो ।

मन्त्री लेखकले इलाका प्रशासन कार्यालयमार्फत पनि नागरिकताको व्यवस्थापन अघि बढाइएको तर कतिपय यस्ता कार्यालयमा नायब सुब्बस्तरका कर्मचारी प्रमुख भएका कारण विधेयकमा उक्त व्यवस्था समावेश गरिएको समितिलाई स्पष्ट पार्नुभयो ।

“अधिकांशमा शाखा अधिकृत हुनुहुन्छ, कुनै कुनै ठाउँमा नायब सुब्बास्तरका कर्मचारी इलाका प्रशासनको प्रमुख भएर बस्नुहुन्छ । त्यस्तो स्थिति भएका हुनाले कार्यालय प्रमुख भन्ने व्यवस्था राखिएको हो”, उहाँले भन्नुभयो । मन्त्री लेखकले देशभरका जिल्ला प्रशासन कार्यालय र इलाका प्रशासन कार्यालयमा टोकन प्रणाली लागू गरिएको र सेवाग्राहीलाई कम समयमा सहज सेवा प्रवाह गर्ने काम भइरहेको समितिलाई जानकारी दिनुभयो ।

प्रतिनिधिसभा अन्तरगतको यस समितिको आजको बैठकमा संशोधनकर्ता सांसदहरु डिकबहादुर लिम्बू, सोबिता गौतम र भानुभक्त जोशी लगायतले ब्रिटिस गोर्खाका सन्तानलाई नागरिकताको छुट्टै व्यवस्था विधेयकमा समेटिनुपर्ने सुझाव प्रस्तुत गर्नुभयो ।

ब्रिटिश गोर्खाका सन्तानलाई नेपाली वंशजको नारिकता प्राप्त गर्न चाहेमा बाधा नपुग्ने व्यवस्था गर्न सांसद डिकबहादुर लिम्बू र भानुभक्त जोशीले सुझाव दिनुभयो ।

सांसद लिम्बूले भन्नुभयो, “नेपाली वंशजको नागरिकता प्राप्त गरेका ब्रिटिश सेनामा काम गरी योगदान गरेबापत ब्रिटिश आवासीय भिसा वा अङ्गिकृत नागरिकता प्राप्त गरे तापनि उनीहरुको सन्तानले प्राप्त गरेको नेपाली वंशजको नागरिकता कायम रहने व्यवस्था गरौं ।”

यस्तै, नागरिकताको प्रमाणपत्र गर्न तोकिएको अधिकारले आफूलाई प्राप्त अधिकार कुनै अधिकृत कर्मचारीलाई प्रयोजन गर्न सक्ने पुरानो व्यवस्थामा संशोधन नगर्न संशोधनकर्ताले सुझाव दिनुभयो । विधेयकमा थपिएको, कार्यालय प्रमुख भई काम गर्ने कम्तीमा राजपत्र अनङ्कित प्रथम श्रेणीको कर्मचारीलाई प्रत्योजन गर्ने व्यवस्थालाई खारेज गर्न संशोधनकर्ताले संशोधन प्रस्तुत गर्नुभयो ।

# पाप कट्ने विश्वासमा गङ्गादशहरा पर्व मनाइँदै

काठमाडौँ, २२ जेठः (रासस) । ज्येष्ठ शुक्ल दशमीका दिन विशेष रूपमा मनाइने गङ्गादशहरा पर्व आज स्नान, पूजा, आराधना गरी मनाइँदै छ । ज्येष्ठ शुक्ल प्रतिपदादेखि दशमीका दिनसम्म वाग्मतीलगायत देशभरका विभिन्न तीर्थमा गङ्गादशहरा मेला लाग्ने गर्दछ ।

दश दिन नभ्याउनेले भने आज विशेष रूपमा स्नान, पूजा एवं आराधना गरी यो पर्व मनाउने सनातनी परम्परा छ ।गोकर्णेश्वर नगरपालिका-१ सुन्दरीजलस्थित वाग्मतीमा शैलमती मिसिएर बनेको तीर्थ सिद्धगयाको प्राकृतिक सुन्दरतालाई थप आकर्षक बनाइरहेका दुई झरनाको नजिकमा आज बिहानदेखि स्नान गर्न भक्तजन भेला भएका छन् । दुई वर्ष अघिदेखि यहाँ व्यवस्थित रूपमा स्नान गर्ने व्यवस्था गरिएको छ । वाग्मती र शैलमतीको सङ्गममा गङ्गादशहरा स्नान गरी भगवान् शैलमतेश्वरको दर्शन गरेमा पापमोचन भई मुक्ति प्राप्त हुने धार्मिक विश्वास छ ।

दश प्रकारका पाप हरण गर्न ज्येष्ठ शुक्ल पक्षमा स्वर्गबाट पृथ्वीमा भागीरथीले गङ्गा अवतरण गराएको सम्झनामा देशभरका नदीमा दशहरा स्नान गरिन्छ । ज्येष्ठ शुक्ल पक्षका दश दिनमा गङ्गा वा नदी किनारमा गई स्नान गरेमा दश प्रकारका पाप नाश हुने धार्मिक विश्वास रहेको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका सदस्य प्राडा देवमणि भट्टराईले राससलाई जानकारी दिनुभयो ।

कसैले नदिई कुनै वस्तु लिनु, विनायज्ञ हिंसा गर्नु, परस्त्री गमन गर्नु, कठोर वचन बोल्नु, असत्य बोल्नु, परनिन्दा गर्नु, बेमतलवको प्रलाप गर्नु, अरुको सम्पत्ति हडप्ने इच्छा राख्नु, अरुलाई हानी पुऱ्याउने इच्छा राख्नु र विनाकारण दुराग्रह राख्ने जस्ता पाप दशहराका अवसरमा गङ्गा, त्रिवेणी वा नदीमा गई स्नान गरेमा नाश हुने शास्त्रीय मान्यता रहेको उहाँले बताउनुभयो ।

सिद्धगयाका साथै काठमाडौँको हत्यामोचनघाट, रसुवाकोगोसाइँकुण्ड,कपिलवस्तुको वाणगङ्गा, नवलपरासीको त्रिवेणी सङ्गमलगायत देशभरका नदीमा दशहरा स्नान मेला लाग्ने गर्दछ । शरीर, मन र वचनले गरिने दश प्रकारका पाप दशहराका अवसरमा स्नान गरेर नाश हुने विश्वास रहेका गङ्गादशहरा भनिएको धर्मशास्त्रविद् प्राडा भट्टराईले जानकारी दिनुभयो ।

कागेश्वरी मनोहरा र गोकर्णेश्वर नगरपालिकाको सङ्गमस्थित वाग्मती नदी किनारमा रहेको हत्यामोचनघाटमा पनि आज बिहानैदेखि स्नान मेला लागेको गङ्गा दशहरा स्नान एवं पूजा समितिका अध्यक्ष रोहित लिम्बुले जानकारी दिनुभयो । उहाँका अनुसार पौराणिक कथाअनुसार परशुरामले पिता ऋषि जमदग्निको आदेशअनुसार माता रेणुकाको हत्या गरेपछि यही स्थलमा स्नान गरी हत्याको पाप मोचन गरेकाले यो स्थानलाई हत्यामोचनघाट भनिएको विभिन्न पुराणमा उल्लेख गरिएको छ। यसअघि परशुरामले भारत वर्षका हजारौँ तीर्थमा स्नान गर्दा पनि मातृ हत्याको पाप मोचन भएको थिएन । पापमोचन स्वरूप परशुरामकी आमा रेणुकाले पुनर्जीवनसमेत पाएको पौराणिक कथन छ । दशहराका दश दिने अवधिमा जेठ महिना, शुक्ल पक्ष, दशमी तिथि, बुधबार, हस्ता नक्षत्रलगायत दश योग पर्ने गरेको छ । यो योगमा स्नान गर्दा मनोकामना पूरा हुने धार्मिक विश्वास छ ।




## देवाही गोनाही नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### प्रेमपुर गोनाही, रौतहट
### मधेश,प्रदेश नेपाल

**बोलपत्र स्वीकृतिको आशयपत्र जारी गरिएको बारे सूचना**

प्रकाशित मितिः २०८२/०२/२३

यस देवाही गोनाही नगरपालिकाबाट राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८२/०१/२२ गते प्रकाशित बोलपत्र आह्वानको सुचना अनुसार E-bidding मार्फत प्राप्त बोलपत्रहरु मध्ये तपसिल बमोजिमका बोलपत्रदाताको बोलपत्र न्यूनतम मुल्यांकित सारभुतरुपमा प्रभावग्राही भएको हुदा सार्बजनिक खरिद ऐन,२०६३ को दफा २७ को उपदफा (२) बमोजिम बोलपत्र स्वीकृत गर्ने आशयको सुचना प्रकाशित गरिएको छ ।

| क्र. स. | ठेक्का नं. | निर्माण कार्यको विवरण | छनोट भएको बोलपत्र दाता | कबोल रकम रु. (मु.अ.क. र पि .एस सहित) |
|---|---|---|---|---|
| | MUN/DEWAHIGONAHI/NCB/WORKS/01/081/082 | Construction of Ekikrit Dalit Basti At Karkach | Manakamana Nirman Sewa Gaur-4 Rautahat | ७१,४९,१२७.२५ |

**प्रमुख प्रशासकीय अधिकृत**